श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उप-दफा(१) र (२) र दफा ५ को उप-दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय-बमोजिम अध्यक्ष तथा सदस्य भएको ३ सदस्यीय विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ ।

देहाय

१. मा. न्या. श्री गजेन्द्रकेशरी वास्तोला
   न्यायाधीश, पूर्वाञ्चल क्षेत्रीय अदालल- – – –अध्यक्ष

२. प्र. जि. अ. सुन्सरी- – – – –सदस्य

३. भूमि प्रशासक, सुन्सरी- – – – –सदस्य

१. उक्त अदालतलाई कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्ने सम्बन्धमा सर्वोच्च अदालत र क्षेत्रीय अदालतमा दायर भै रहेको मुद्दा मामिला बाहेक अन्यत्र अड्डा अदालत तथा कार्यालयमा दायर भै किनारा हुन बाँकी मुद्दा मामिलाहरू उक्त अड्डा अदालत तथा कार्यालयहरूबाट झिकी कारवाई र किनारा गर्ने गरी तोकी सुम्पेको छ ।

२. विशेष अदालतको अवधि जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले तीन महीना कार्यावधि हुनेछ ।

३. विशेष अदालतको मुकाम आवश्यकतानुसार विराटनगर र सुन्सरी जिल्लामा कायम गर्ने गरी तोकिएको छ ।

आज्ञाले-
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।